मिति २०८२/६/५ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु

१. हालको समसामयिक विषयको समीक्षा सम्बन्धमा ।

२. क्रिकेट खेलको लागि रकम माग निवेदन सम्बन्धमा ।

३. विविध सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/६/ २३ र २४ गते Gen Z युवा समुहहरुको आन्दोलनमा आफ्नो अमुल्य जान आहुति दिने सहिदहरु प्रति भावपूर्ण श्रदानजली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना प्रकट गर्ने । साथै आन्दोलनका घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा डमरुहद युवा क्लव ठाडाले जिल्ला स्तरीय वडाकप क्रिकेट प्रतियोगिता संचालन गर्न प्रस्ताव सहित रकम माग गरी निवेदन पेश गरेकोमा सत्रौ नगरसभाबाट चालु आ.व.खेलकुद तर्फ एवाईसी रनिङ्गशिल्ड प्रतियोगिता शिर्षकमा विनियोजन भएको रकमबाट रु ५००००।- दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरु माथि छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) जिल्ला प्रशासन कार्यालय अ.खा.को च.नं. ६१८, मिति २०८२/६/३ गतेको पत्रबाट "मिति २०८२/५/२३ र २४ गते भएको जेन जी को आन्दोलनको परिणाम स्वरुप मिति २०८२ फागुन २१ गते निर्वाचन गर्ने गरी अन्तरिम सरकार गठन भएको कुरा विदितै छ । उक्त आन्दोलनका क्रममा उठेका र अन्तरिम सरकार गठन पछी सम्माननीय प्रधानमन्त्रीज्यू र माननीय मन्त्रीज्यूहरुबाट विभिन्न सन्दर्भमा अभिव्यक्त प्रतिवद्धता तथा श्रीमान मुख्य सचिवज्यूको अध्यक्षतामा भएका सचिव स्तरीय बैठकका निर्णय समेतबाट तीनै तहका सरकारी निकायहरुले सार्वजनिक सेवा प्रवाहमा नागरिकलाई सहजता सरलता सम्बन्धित जिम्मेवार अधिकारीहरुसँगको सहज पहुँच, शिष्ट र नागरिकको आत्म सम्मान उचो हुने व्यवहार प्रदर्शन, पारदर्शिता, निष्पक्षता र भ्रष्टचार शून्य आचरण तथा कार्य व्यवहारको कडाईका साथ परिपालन गरिने प्रतिवद्धताहरु व्यक्त भईरहेको अवगत नै छ । यसै सन्दर्भमा त्यस कार्यालयबाट प्रदान हुने सबै सेवाहरुलाई उपयुक्त मान्यता र भावना अनुरुप प्रवाह गर्ने व्यवस्था तत्कालै देखि मिलाउनु हुन" भनि लेखि आएकोले उक्त पत्र अनुसार यस नगरपालिका तथा मातहतका निकायबाट प्रवाह हुने सबै सेवाहरु उल्लेख भएअनुसार प्रभावकारी रुपमा सुशासन कायम हुने गरी आजै देखि सुधार गर्दै लैजाने ।

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**(ख)** यस नगरपालिकाको वडा नं. ११ ढुङ्गेसेरा निवासी शेर बहादुर कामीको श्रीमती सुनिता बि.कको छोरी कल्पना बि.क.लाई कानमा जटिल खालको समस्या देखिई हाल मेडिसिटी अस्पताल काठमाण्डौं मा उपचार गराई रहेको र आर्थिक अवस्था निकै कमजोर भएकोले उपचार खर्च बापत रु २५,०००।- आर्थिक सहायता निजलाई उपलब्ध गराउने ।

**(ग)** यस नगरपालिकाको वडा नं. १२ निवासी लेखनाथ सुनार विगत लामो समय देखि मुटु रोगले ग्रसित भएको र आर्थिक अवस्था निकै कमजोर भएकोले उपचार खर्च बापत रु २५,०००।- आर्थिक सहायता निजलाई उपलब्ध गराउने ।

**(घ)** यस नगरपालिकाको वडा नं. ५ को करापु, धनचौर, वानेटा, आँप, चाम्मनेटा टोलले प्रयोग गर्दै आएको ट्रान्फरमर चट्यानले जलेकोले उक्त ट्रान्फरमर बुटवल लैजाने र बुटवलबाट नयाँ ल्याउने कार्य गर्दा रु १५०००।- ढुवानी खर्च भएकोले सो रकम उपलब्ध गराई दिन भनि वडा कार्यालयबाट लेखि आएकोले उक्त ट्रान्फरमर ढुवानी खर्च बापत रु १५०००।- चालु आ.व.मा सवारी साधन तथा मेशिनरी भाडा शिर्षकमा विनियोजन भएको रकमबाट भुक्तानी दिने ।

**(ङ)** हालैको वर्षाले यस नगरपालिकाको वडा नं. ११ को वडा सेवा कार्यालय टिक्करीको भवनको माथिबाट पहिरो गई शौचालय पुरीएको, वडा सेवा कार्यालय भित्र पानी पसेको, भवनको दुवै तर्फ माटोले पुरी सेवा कार्यालयलाई जोखिममा पारेकोले उक्त पहिरो (माटो) तत्काल हटाउन गत आ.व.को मौज्दात रकमबाट विपद अर्न्तगत रु ६० हजार रकम विनियोजन गरी कार्य गराउने ।

**(च)** सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा १४ को (ख) बमोजिमको सदस्यमा यस कार्यपालिकाको महिला सदस्य श्री गंगा थापालाई तोक्ने । त्यसै गरी (घ) बमोजिमको सदस्यमा ज्योति मा.वि.को सम्पर्क व्यक्ति श्री माया अर्याल र रिकोट मा.वि.को सम्पर्क व्यक्ति श्री लक्ष्मी भाट क्षेत्रीलाई तोक्ने ।

**(छ)** यस नगरपालिकाको अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४२ को (२) को (ख) बमोजिमको सदस्यमा यस कार्यपालिकाको महिला सदस्य श्री विष्णु भट्टराईलाई तोक्ने ।

**(ज)** यस नगरपालिकाको गौरवको सडक राजुवास- सुवर्णखाल- चौपारी- नेटापोखरा (सहिद यज्ञ मिन स्मृती मार्ग) सडक शिर्षकमा रकम विनियोजन भएकोमा सो को नाममा विचको नामाकरण छुट भएकोले सो लाई थप गरी राजुवास- सुवर्णखाल- चौपारी- **मन्द्रे**- नेटापोखरा (सहिद यज्ञ मिन स्मृती मार्ग) सडक नामाकरण गर्ने ।

**(झ)** २०८२ सालको बडादशमीका सन्दर्भमा यस शितगंगा नगरपालिका भित्र रहेका सुरक्षा निकायहरु ठाडा र सिद्धारा ईलाका प्रहरी कार्यालयलाई रु १५/१५ हजारका दरले र सिमलपानी प्रहरी चौकी, जलुके प्रहरी चौकी, डोहोटे प्रहरी चौकी र सातमारा प्रहरी चौकीलाई १०/१० हजारका दरले बडादशै

पुजाआजा गर्न चालु आ.व.को नगरपालिका तर्फ संस्कृती संरक्षण शिर्षकमा रहेको रकमबाट उपलब्ध गराउने ।

(ञ) हालै सामाजिक सञ्जला मार्फत आएका विषय (जस्तै रोयल्टी, करछुट, चेलिवेटी कृषि फर्म, सहकारीलाई दिएको अनुदान) का सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न निम्न अनुसारको समिति गठन गर्ने ।

<u>तपशिल</u>

संयोजक - प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण प्रसाद सापकोटा शिनपा

सदस्य - प्रशासकीय अधिकृत श्री नुमलाल खनाल योजना शाखा प्रमुख शिनपा

सदस्य - स. लेखा अधिकृत श्री सन्तोष पन्थी लेखा शाखा शिनपा

सदस्य - स. प्रशासकीय अधिकृत श्री कमल पन्थी राजश्व शाखा प्रमुख शिनपा

सदस्य - स.प्रशासकीय अधिकृत श्री रमा पाण्डे प्रशासन शाखा प्रमुख शिनपा

(ट) केही दिन अगाडी देखि परेको अविरल वर्षाको कारण यस नगरपालिका क्षेत्र भित्रका मुख्य गौरवका सडक ( नियमित सार्वजनिक यातायातका साधनहरु) चल्ले सडकहरुमा पहिरो गई यातायात अवरुद्ध हुनुको साथै सवारी साधनहरु दुर्घटना हुन सक्ने जोखिमपूर्ण अवस्था रहेको । जसका कारण विपद् आउन सक्ने सम्भावना रहेकोले चालु आ.व.मा मौज्दात सरेको रकमबाट विपद अर्न्तगत रु १० लाख रकम विनियोजन गरी सकेसम्म कम खर्चमा तत्काल उक्त कार्य गराउने निर्णय गरियो ।

(ठ) २०८२ सालको नेपाली हिन्दुहरुका महान पर्वहरु विजया दशमी, दिपावली तथा छट लगायतका पर्वहरुको सन्दर्भमा स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजु भई तथा दिदी वहिनीहरुमा शुभकामना व्यक्त गर्ने ।

(ड) नगरपालिकाको काम कारर्वाहीलाई थप प्रभावकारी बनाउनका लागि देहाय बमोजिमको कार्य गर्ने ।

(१) **<u>राजश्व र रोयल्टी सम्बन्धमा :-</u>**

- संघीय सरकारका योजना, प्रदेश सरकारका योजना तथा संघ/प्रदेश अर्न्तगत विभिन्न निकायबाट संचालित पूर्वाधारका सबै योजनाहरु भुन्टेडाँडा केसर लगायत अन्य क्षेत्रबाट तिर्नु पर्ने र काट्नु पर्ने रोयल्टी लगायत राजश्व प्रशासनका वारेमा राजश्व परामर्श समितिमा छलफल गरी प्रतिवेदन तयार पार्ने ।

(२) **<u>पारदर्शिता, मितव्ययिता, औचित्यता र नियमितताका सम्बन्धमा :-</u>**

- प्रत्येक हप्तामा नगरपालिकाबाट भएको खर्च सार्वजनिक गर्ने ।
- मासिक पत्रकार सम्मेलन मार्फत नगरपालिकाले शाखागत रुपमा भएका कामहरुलाई सार्वजनिक गर्ने परिपाटीको विकास गर्ने ।
- आन्तरिक नियन्त्रण प्रणाली निर्माण मार्फत कार्य सम्पादन, कर्मचारी इन्धन, खाजा खर्च र अन्य खर्च तथा सेवा सुविधा सम्बन्धि खर्चहरुको व्यवस्थापन गर्ने ।

- जिन्शी सामग्री अभिलेखिकरणलाई प्रभावकारी बनाउने ।
- सवारी साधन मर्मत खर्चको विवरण आर्थिक प्रशासन शाखाले कार्यपालिकामा पेश गर्ने ।
- स्थानीय स्तरमा सेवा उपलब्ध गराउन सकिने शाखाको एकिकृत रुपमा घुम्ती सेवा संचालन गर्ने यसरी वडा कार्यालयमा घुम्ती सेवा लिएर जादा व्यवहारिक शिक्षा लगायतका विषयमा छलफल गर्ने ।
- २०७९ साल देखिका कामहरु अर्थात ४ वर्षमा सम्पादन गरेका कामहरुको प्रतिवेदन तयार पार्ने ।
- नगरपालिका भित्र ढुवानीको लागि प्रयोग हुने सवारी साधन मेशिनहरु लगायतका सवारी साधनहरु प्रयोग गर्ने प्रयोजनको लागि मुल्य सूची माग गरी सुचिकृत गरी आवश्यक्ता अनुसार सार्वजनिकरण गर्ने ।

(३) **<u>आर्थिक विकास समितिलाई देहाय बमोजिमको जिम्मेवारी दिने :-</u>**

- सहकारी र सामुदायिक वनको लेखापरिक्षण गर्नको लागि यस नगरपालिकामा सुचिकृत लेखापरिक्षकबाट लेखापरिक्षण गराउने सम्बन्धमा आर्थिक विकास समितिले छलफल गरी सम्बन्धित पक्षलाई पत्राचार गर्ने । चेलिवेटी कृषि फर्म, सहकारी संस्थाको सन्दर्भमा आएका विषयमा छलफल गरी प्रतिवेदन पेश गर्ने । उत्पादनमा आधारित अनुदान लगायतका विषयमा छलफल गरी कार्यपालिकामा उठेका विषयहरुको टुङ्गो लगाउर्ने ।
- शितगंगा नगरपालिकाको कार्य सम्पादन नियमावली र कार्यविभाजन नियमावली अनुसार गठन भएका विषयगत समितिहरुले शिक्षा, स्वास्थ्य लगायतका विषयमा देखिएका विषयमा सघन छलफल गरी प्रतिवेदन पेश गर्ने ।
- योजना शाखाले उपभोक्ता समिति गठन, उपभोक्तालाई तालिम, योजना सम्झौता, योजना कार्यान्वनय, अनुगमन सम्पन्न भुक्तानी लगायतका कामहरु समयमै सम्पन्न गर्ने गरी कार्यतालिका नै सार्वजनिक गर्ने ।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन्न गरियो ।

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

प्रमाणित गर्ने प्रमुख प्रशासकीय अधिकृत